२०८३ साउन १ गतेदेखि असोज मसान्त सम्म सम्पादित कामको विवरण

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**

**सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको गठन**

सरकारी निकाय र संस्थानहरुको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने उद्देश्यले त्यस्ता निकाय र संस्थानहरुको जनशक्तिलाई योजनावद्ध तरिकाले प्रशिक्षणको व्यवस्था गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ बमोजिम गठन भएको हो ।

**प्रतिष्ठानका मुख्य कार्यहरुः**

(क) नेपाल सरकारको र संस्थानको कर्मचारीका लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) देशको विकास कार्यक्रममा सघाउ पुर्याउन पुऱ्याउन नेपाल सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सक्षम बनाउने उपाय गर्ने ।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका निमित्त समस्यामुलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

**निकाय बाट प्रदान गरिने सेवाः**

प्रतिष्ठानले मुख्यतया निम्न सेवा प्रदान गर्दै आएको छ ।

(क) तालिम

(ख) अनुसन्धान

(ग) परामर्श सेवा

**निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

कुल संख्याः ७३

१. कार्यकारी निर्देशक- १
२. वरिष्ठ अध्ययन निर्देशक – ५
३. अधिकृत प्रथम – १०
४. अधिकृत द्वित्तीय – १५
५. अधिकृत तृतीय – ३०
६. सहायक प्रथम – १२

**सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

प्रतिष्ठान मा ५ वटा विभाग बाट सबै कार्य हुने गरेको र अन्यत्र कुनै शाखा नरहेको

| क्र. स | विभाग | विभागीय प्रमुख |
|---|---|---|
| १ | व्यवस्थापन सिकाइ समूह (MLG) | श्री राजेन्द्र अधिकारी |
| २ | शासन तथा विकास सिकाइ समूह (GDMLG) | श्री तुलसी शरण सिग्देल |
| ३ | सार्वजनिक सेवा प्रशिक्षण विभाग (PSTD) | श्री त्रिलोचन पोखरेल |
| ४ | अनुसन्धान तथा परामर्श सेवा विभाग (RCSD) | श्री अचला दाहाल |
| ५ | व्यवस्थापन सेवा विभाग (MSD) | श्री वसन्तराज सिग्देल |

**सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधिः**

नेपाली नागरिकले कानुन बमोजिम सूचना माग गर्न आएमा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुर बाहेक अन्य कुनै दस्तुर लाग्दैन

२०८३ साउन १ गतेदेखि असोज मसान्त सम्म सम्पादित कामको विवरण

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः**
प्रतिष्ठानको निर्णय प्रतिष्ठानको ऐन, कर्मचारी सेवा नियमावली, आर्थिक प्रशासन सम्बन्धी नियमावली एवं अन्य कार्यविधिहरुले निर्दिष्ट गरेबमोजिम प्रतिष्ठानको सर्वच्च निकायको रुपमा रहेको कार्यकारी निर्देशक र विभागीय/केन्द्र प्रमुखहरुको व्यक्तिगत एवं सामूहिक ढंगले हुने गरेको

**निर्णय उपर उजुरी सुन्ने अधिकारी :** कार्यकारी समिति

**सम्पादन गरेको काम र विवरण :**
१) २०८३ साउन १ गते देखि असोज मसान्त सम्म ३६ वटा प्रशिक्षण कार्यक्रम सम्पन्न भई ८१६ प्रशिक्षार्थीले तालिममा सहभागी भएका । जस अन्तर्गत लामो अवधी (३० कार्यदिन भन्दा बढी) का ११, छोटो अवधी (३० कार्यदिन भन्दा कम) का ६, र छोटो अवधीका सशुल्क कार्यक्रम १९ वटा सम्पन्न भई क्रमशः २६५, १४८ र ४०३ जना लाभान्वित भएका ।
२) यस अवधिमा कर्मचारी विकासका नियमित कामहरु भएको । अनुसन्धान तथा परामर्श कार्यहरु सम्पन्न नभएको।

**सूचना अधिकारी र प्रमुखको नाम र पद :**
**सूचना अधिकारी :** श्री एन्तोभ्ना ज्ञवाली **मोबाईल नं. :** ९८५७०४४५०३
**प्रमुख :** डा. राम प्रसाद घिमिरे **मोबाईल नं. :** ९८१५१२५३२८५

**ऐन, नियम, विनियम वा निर्देशिकाको सुची :**
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन,२०३९
कर्मचारी सेवा नियमावली,२०७२

आर्थिक प्रशासन सम्बन्धी नियमावली,२०६८
**आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

| नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आ व. २०८३/८४ को पहिलो त्रैमासिकको खर्च विवरण | | | | |
|---|---|---|---|---|
| सि. नं | खर्च शिर्षक | कुल विनियोजन | पहिलो त्रैमासिकको खर्च | खर्च प्रगति |
| **चालु** | | | | |
| १ | तलव भत्ता आदि | ९९,४५५,०००.०० | २८,७६०,६०५.२७ | २८.९२% |
| २ | प्रशासनिक खर्च | २३,५००,०००.०० | ४,१८६,१४०.३४ | १७.८१% |
| ३ | आन्तरिक क्षमता अभिवृद्धि र प्रकाशन | ७,१००,०००.०० | ५२५,२९९.०२ | ७.४०% |
| ४ | प्रशिक्षण | ६९,२००,०००.०० | १०,०४९,९०४.०३ | १४.५२% |
| | **चालु जम्मा** | **१९९,२५५,०००.००** | **४३,५२१,९४८.६६** | **२१.८४%** |
| **पुँजीगत** | | | | |
| ५ | मेशिनरी तथा औजार | ७,०००,०००.०० | ०.०० | ०.००% |
| ६ | निर्माणका कार्यहरू | १०,५००,०००.०० | ०.०० | ०.००% |
| ७ | फर्निचर तथा फिक्चर्स | १,०००,०००.०० | ०.०० | ०.००% |
| | **पुँजीगत जम्मा** | **१८,५००,०००.००** | **०.००** | **०.००%** |
| | **कुल जम्मा** | **२१७,७५५,०००.००** | **४३,५२१,९४८.६६** | **१९.९९%** |